# प्रगति विवरण २०७०।७१

मिति २०६४ साल वैशाखमा तदर्थ समिति गठन गरी कार्य शुरु गरिएको र मिति २०६४ साल चैत्र ६ गतेका दिन जिल्ला प्रशासन कार्यालय ललितपुरमा विधिवत् रुपमा **माई स्मल हेल्प** नामक संस्था दर्ता गरि वालवालिकाहरुको, विषेशगरी शैक्षिक क्षेत्रमा सहयोग पुर्‍याउने उद्देश्यले आफ्ना कार्यहरु शुरु गरेको यस संस्थाले आजका मिति सम्म आईपुग्दा क्रमिक रुपमा प्रगति गर्दै आएको मैले पाएको छु । यस क्रममा संस्था स्थापना काल भन्दा अगाडि देखि नै गरिब, जनजाति, पिछडिएका तथा जेहेन्दार वालवालिकाहरुको खोजी गरि त्यस्ता वालवालिकाहरुलाई शिक्षाको उज्यालो ज्योति पुर्‍याउन आजका मिति सम्म यस संस्था सफल रहिआएको छ ।

सो क्रममा यस संस्थाले विभिन्न विद्यालयहरु सँग सहकार्य गर्दै वालवालिकाहरुलाई आवश्कता अनुसारको शैक्षिक खर्च ब्यहोर्ने प्रतिवद्धताका साथ आफ्नो कार्य प्रारम्भ गरि सो कार्यलाई आजका मिति सम्म पनि निरन्तरता दिनुका साथै संस्थाले आफ्नो उद्देश्य प्राप्त गर्नको लागि विभिन्न व्यक्तिहरु तथा संघ-संस्थाहरु सँग सहकार्य गर्दै विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको र सफलता प्राप्त गरेको छ ।

यसै क्रममा संस्थाले आर्थिक वर्ष २०७०।७१ मा प्राप्त गर्न सफल भएको प्रगति विवरण यसप्रकार रहेका छन् ।

- यस संस्थाबाट छात्रवृत्ति प्रदान गरिएका सम्पूर्ण विद्यार्थीहरुका लागि यस वर्ष पनि छात्रवृत्ति जारी राखियो ।

## संचालित कार्यक्रमको विवरण

१.

| क्र.सं | कार्यक्रमको नाम | **शैक्षिक छात्रवृत्ति कार्यक्रम** |
|---|---|---|
| १. | दातृ संस्थाको नाम | माई स्मल हेल्प , यू .के. |
| २. | ठेगाना | यू .के. |
| ३. | कार्यक्रम स्थल | ललितपुर |
| ४. | कार्यक्रमको मुख्य उद्देश्य | • शिक्षाको पहुँच नपुगेका बालबालिकाहरुलाई सर्बसुलभ तरिकाले शिक्षा प्रदान गर्ने ।<br>• बच्चाको पढ्न पाउने अधिकार सुनिश्चित गर्ने । |

mysmallhelp
...helping hands

| | | |
|---|---|---|
| ५. | कार्यक्रम अन्तर्गत गरिएका क्रियाकलापहरु | • शैक्षिक खर्च वितरण गरियो । |
| ६. | कार्यक्रमबाट प्राप्त संक्षिप्त उपलब्धि | • यस परियोजनाले गर्दा विभिन्न स्थानमा रहेका अनाथ तथा गरीब वालवालिकाहरुले पढ्न तथा अन्य शैक्षिक सुबिधाहरु पाइरहेका छन् ।<br>• विभिन्न गरिब परिवारहरुलाई आफ्नो नानीहरुको शैक्षिक भार धेरै हदसम्म न्युन भएको छ । |
| ७. | लाभान्वित संख्या | ६० जना भन्दा माथि |

२.

| क.सं | कार्यक्रमको नाम | Medical Project |
|---|---|---|
| १. | दातृ संस्थाको नाम | माई स्मल हेल्प , यू .के. |
| २. | ठेगाना | यू .के. |
| ३. | कार्यक्रम स्थल | सिन्धुपाल्चोक |
| ४. | कार्यक्रम अन्तर्गत गरिएका क्रियाकलापहरु | आ.व २०६९।७० मा शुरुवात गरिएको यो कार्यक्रम आ.व २०७०।७१ मा सम्पन्न भएको छ ।<br>• यस प्रोजेक्ट अन्तर्गत सिन्धुपाल्चोक जिल्ला, पँलाते गा.वि.स, वडा नं २ बाह्रबिसे स्थित श्री बाह्रबिसे उप स्वास्थ्य चौकीको जिर्ण भवन मर्मत संभार तथा स्वास्थ्य उपकरण प्रसुति उपकरण प्रदान तथा शौचालय निर्माण गर्ने कार्य सम्पन्न गरियो । |
| ५. | कार्यक्रमको मुख्य उद्देश्य | • स्वास्थ्य चौकीको पुरानो भवन जिर्ण भएको तथा प्रसुति स्वास्थ्य उपकरणको अभावमा निकै कठिनाई भोग्नु पर्ने वाध्यता, टाढा जानु पर्ने तथा कहिलेकाहि अकालमा ज्यानै पनि गुमाउनु पर्ने वाध्यता रहेकोले सो समस्या समाधानको लागि । |

| | | |
|---|---|---|
| ६. | कार्यक्रमबाट प्राप्त संक्षिप्त उपलब्धी | • भवनको जिर्णोद्धार गरि स्वास्थ्य उपकरणहरु उपलब्ध भएपछि स्थानिय बासिन्दाहरुको लागि विशेष गरि गर्भवती महिलाको नियमित जाँच तथा प्रसुति सेवा सुलभ तरिकाले भएको पाइयो । |
| ७. | लाभान्वित संख्या | • पुरै गाउँका बासिन्दाहरु । |

३.

| **क.सं** | **कार्यक्रमको नाम** | Marybert School Project |
|---|---|---|
| १. | दातृ संस्थाको नाम | माई स्मल हेल्प , यू .के. |
| २. | ठेगाना | यू .के. |
| ३. | कार्यक्रम स्थल | ललितपुर, |
| ४. | कार्यक्रम अन्तर्गत गरिएका क्रियाकलापहरु | • संस्थाद्धारा शैक्षिक सहयोग गरिएका सम्पूर्ण विद्यार्थीहरुको लागि क्रिसमसको अवसर पारि आवश्यक सामाग्रीहरु उपहार स्वरुप वितरण गरियो ।<br>• यस कार्यक्रम अन्तर्गत ललितपूर जिल्ला, बाफल १७ स्थित मेरीबर्ट स्कूललाई पूर्ण रुपमा सरसफाई तथा रङ्गरोगन गरि विद्यालयलाई सुविधासम्पन्न बनाउन आवश्यक शैक्षिक तथा अन्य सामाग्रीहरु उपलब्ध गराइयो ।<br>• अनाथआश्रममा बस्ने वालवालिकाहरुको सबैको लागि नयाँ सिरक डस्नाहरुको ब्यबस्था गरियो । |
| ५.. | कार्यक्रमको मुख्य उद्देश्य | • मेरिवर्ट स्कुललाई सुविधासम्पन्न स्कुल बनाउने ताकि पछि गएर गरिव वालवालिकाहरुले पनि गुणस्तरिय शिक्षा प्राप्त गर्न सकुन, बाहिरबाट अरु पनि धेरै संख्यामा विद्यार्थीहरु भर्ना हुन आउन जसले गर्दा विद्यालयको आम्दानी बढोस र संस्थाद्धारा सहयोग गरिएका नानिहरुले पनि पछि गएर त्यहि विद्यालयमा रोजगारी प्राप्त गर्न सकुन । |
| ६. | कार्यक्रमबाट प्राप्त संक्षिप्त उपलब्धी | • विद्यार्थीहरुको संख्यामा वृद्धि ।<br>• प्राथमिक कुराहरुमा पँहुचको सृजना साथै आपसी खुशीको सृजना । |
| ७. | लाभान्वित संख्या | • १५० जना भन्दा माथि । |

४.

| क.सं | कार्यक्रमको नाम | School Building Project |
|---|---|---|
| १. | दातृ संस्थाको नाम | माई स्मल हेल्प , यू .के. |
| २. | ठेगाना | यू .के. |
| ३. | कार्यक्रम स्थल | काभ्रेपलाञ्चोक, बल्थली |
| ४. | कार्यक्रम अन्तर्गत गरिएका क्रियाकलापहरु | • यस प्रोजेक्ट अन्तर्गत काभ्रेपलाञ्चोक जिल्ला, बल्थली गा.वि.स, वडा नं ५ नेपाने स्थित श्री लड्केश्वर नि.मा.वि को नयाँ भवन निर्माण कार्य शुरु गरियो । |
| ५. | कार्यक्रमको मुख्य उद्देश्य | • विद्यालयको पुरानो भवन जिर्ण भएकाले तथा अर्को विद्यालय टाढा रहेको कारणले गर्दा विद्यालयमा विद्यार्थी उपस्थिति संख्या न्यून रहेकोले सो समस्या समाधानको लागि । |
| ६. | कार्यक्रमबाट प्राप्त संक्षिप्त उपलब्धी | • नयाँ भवन बनिसके पछि विद्यार्थीहरु माझमा पढ्ने सहज वातावरणको सृजना हुनुको साथै विद्यार्थीहरुलाई पढ्नको लागि टाढा जानु नपर्ने । |
| ७. | लाभान्वित संख्या | • १५० जना भन्दा बढि । |

५.

| क.सं | कार्यक्रमको नाम | Chepang Project |
|---|---|---|
| १. | दातृ संस्थाको नाम | माई स्मल हेल्प , यू .के. |
| २. | ठेगाना | यू .के. |
| ३. | कार्यक्रम स्थल | लमजुङ्ग |
| ४. | कार्यक्रम अन्तर्गत गरिएका क्रियाकलापहरु | • यस प्रोजेक्ट अन्तर्गत माई स्मल हेल्प , यू .के द्वारा कोष संकलन गरि लमजुङ्ग जिल्लामा बस्ने चेपाङ्गहरुको लागि बस्ने टहरा निर्माण सहयोग कार्य शुरु गरियो । |

| | | |
|---|---|---|
| ५. | कार्यक्रमको मुख्य उद्देश्य | • चेपाङ्गहरुलाई बासस्थान सहज होस भन्नको लागि । |
| ६. | कार्यक्रमबाट प्राप्त संक्षिप्त उपलब्धी | • बस्ने राम्रो बास नभएका चेपाङ्गहरुको लागि सहज बासको उपलब्धता । |
| ७. | लाभान्वित संख्या | • १० जना भन्दा बढि । |

- संस्थाले Intern गर्ने विद्यार्थीहरुको सहयोगमा स्कुले विद्यार्थीहरुको लागि चेतनामूलक कार्यकम आयोजना गर्न सफल रह्यो ।

आर्थिक वर्ष २०७०।७१ मा माथि प्रस्तुत गरिएका कार्यहरु सफलताका साथ सञ्चालन गर्न यस संस्था सफल रह्यो ।

संस्थाको तर्फबाट माथि उल्लेखित विवरण प्रमाणित गर्ने ब्यक्ति

नाम : प्रमिला के.सी.

हस्ताक्षर :

पद : सचिव

मिति : २०७१।०४।१५

छाप :